फलेवास नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६७ –४३०१०३
०६७ –४३०१०२
०६७ –४३०१०४

प.सं.: ०७९/८०
च.नं. : ४३५

मिति :२०७९।०५।०८

**विषय :** जानकारी गराउने सम्वन्धमा ।

**श्री वडा कार्यालयहरु सवै,**

**फलेवास नगरपालिका ,पर्वत ।**

प्रस्तुत विषयमा फलेवास नगरपालिकाको विपद् ,राहत तथा उद्धार कार्यविधि ,२०७५ को दफा २३ वमोजिमको वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरि सोको जानकारी यस कार्यालयलाई यथाशिघ्र गराउनुहुन एवं सवै प्रकारका विपद् र राहत सम्वन्धी सिफारिस गर्दा उक्त समितिको निर्णय अनिवार्य संलग्न गरी पठाउनुहुन अनुरोध छ ।

२०७९।०५।०८

**नेत्रप्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

---

- क्यान्सर
- प्यारालाईसिस
- मृर्गौला फेल
- व्रेन ह्युमरेज
- ठूला अपरेसनहरु
- सुत्केरी हुन नसकी उत्पन्न हुने जटिल समस्याहरुः
- महामारी
- फ्लु प्रकृतिका महामारीहरुः
- मेरुदण्डको समस्या
- गम्भिर मानसिक समस्याः

## परिच्छेद ६
## विविध

**२३. वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठनः**

१) वडा स्तरमा देहाय अनुसारको वडा विपद् व्यवस्थापन समितिको गठन गरी विपद् व्यवस्थापनका कार्यहरु गरिनेछ ।

| | |
|---|---|
| • वडा अध्यक्ष : | संयोजक |
| • वडा सदस्य हरु मध्ये १ महिला सहित २ जना | सदस्य |
| • वडा स्तरीय राजनीतिक दलका प्रतिनिधि १।१ जना | सदस्य |
| • वडाको सुरक्षा हेर्ने प्रहरी चौकीको प्रतिनिधि १ जना | सदस्य |
| • वडामा रहेको रेडक्रसको शाखा प्रतिनिधि १ जना | सदस्य |
| • स्थानीय गैसस प्रतिनिधि १ जना | सदस्य |
| • स्थानीय संञ्चारकर्मीको प्रतिनिधि १ जना | सदस्य |
| • वडामाा सञ्चालित विद्यालयहरुका प्र.अ.हरु मध्ये १ जना | सदस्य, |
| • सम्वन्धित वडाको सचिव सदस्य सचिव | |

२. यसै परिच्छेदको दफा १ अनुसारको समितिमा वडा स्तरमा भएका विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुलाई सदस्यको रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

३. यस समितिमा सदस्य नरहेका व्यक्ति तथा संस्थालाई आवश्यकता भएमा वैठकमा आमन्त्रित सदस्यको रुपमाा सहभाागि गराउन सकिनेछ ।

४. यसै परिच्छेदको १ नं दफा अनुसार गठन हुने समितिका कुनै सदस्यहरु नरहेको वा अनुपस्थित भएको अवस्थामा समिताके वैठक बसी आवश्यक निर्णय गर्न कुनै वाधा पर्नेछैन ।

**२४. वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

१. नियमित वैठक बसी विपद् व्यवस्थापनका कार्यहरु गर्ने ।

२. वडामा भएका सम्पूर्ण विपद्का घटनाहरुको वार्षिक रुपमा अभिलेख राख्ने ।

३. विपद् पिडितको लागि तत्काल राहत तथा उद्धार कार्यमा खट्ने र सो को लागि सम्वन्धित निकायहरुसंग समन्वय, सहकार्य र साझेदारी गर्ने एवं सूचना प्रवाह गर्ने,

४. आवश्यकतानुसार राहत संकलनका कार्यक्रमहरु आयोजना गर्ने,

५. नगरकार्यपालिकासंग समन्वय गरी शिघ्राती शिघ्र पिपद् पिडितको उद्धार, पुर्नस्थापना र राहत उपलब्ध गराउने वातावरण मिलाउने,

६. विपद् व्यवस्थापन समितिलाई मासिक रुपमा घटेको घटनाहरुको विवरण उपलब्ध गराउने ,

७. वडामा भएका विपद्का घटनाको नगरपालिका र सम्वन्धित सरोकारवालाहरुलाई तत्काल सूचना गर्ने र नगरपालिकालाई क्षतिको विवरण उपलब्ध गराउने,

८. मानविय सहयोगको लागि सवैपक्षको सहायोगको लागि आवश्यक समन्वय एवं सहजीकरण गर्ने,

९. क्षति ग्रस्त पूर्वाधारहरुको तत्काल पुर्नस्थापना तथा पूर्ननिर्माणको लागि आवश्यक समन्वय गर्ने ,

**२५. खारेजी र कार्यविधिमा थपघटः**

१. संघीय कानून, प्रदेश कानून र यसै नगरपालिकाको विपद् व्यवस्थापन ऐन, २०७५ संग वाझिएको हकमा यो कार्यविधि स्वतः खारेज हुनेछ ।

२. यस कार्यविधिमा थपघट गर्नुपरेमा सो को सम्पूर्ण अधिकार नगरकार्यपालिकाको हुनेछ ।

३. यस कार्यविधि अनुसार विपद्को क्षति मुल्यांकन गरी प्रदान गरिने राहत दिनैपर्ने वाध्यता नगर कार्यपालिका संग हुनेछैन । सो को लागि विपद् व्यवस्थापन कोषमा रकम अनिवार्य भएको हुनुपर्नेछ । अर्थात विपद् व्यवस्थापन समिति र प्रत्यायोजन गरिएको अधिकार प्राप्त